# मोदी इनर्जी लिमिटेडको
# ८ औं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)

मोदी इनर्जी लिमिटेडको ८ औं वार्षिक साधारण सभा यस कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री पशुपति मुरारकाज्यूको सभापतित्वमा निम्न स्थान, मिति र समयमा देहाय बमोजिम सम्पन्न भयो ।

## १. सभाको मिति, स्थान र समय :

मिति : २०८२ साल पौष २८ गते आईतबार (तदनुसार जनवरी १२, २०२६)
स्थान : लिसारा रिसेप्सन्स् नक्साल, काठमाण्डौ ।
समय : विहान ११:०० बजे देखि १२:१५ बजे सम्म

## २. उपस्थितिः

### क. सभामा उपस्थित सञ्चालकहरु

१. श्री पशुपति मुरारका - अध्यक्ष
२. श्री विकास दुगड - सञ्चालक
३. श्रीमती दिपा अग्रवाल - सञ्चालक
४. श्री राजेश शाक्य - सञ्चालक
५. श्रीमति रन्जना तिवारी - स्वतन्त्र सञ्चालक

### ख. अन्य पदाधिकारीहरु

१. श्री आरती शाक्य - लेखा तथा प्रशासन प्रमुख
२. श्री कमल बाबु पन्त - कम्पनी सचिव
२. श्री तेज बहादुर ओली - निर्वाचन अधिकृत

### ग. सम्बान्धित निकायका प्रतिनिधी

१. श्री दिपेश कुमार बैद्य - एनएमबी क्यापिटल लिमिटेड

### घ. शेयरधनीको उपस्थितिः

| शेयरधनीले ग्रहण गरेको शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | जम्मा उपस्थित शेयरधनी | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयम् | प्रतिनिधि मार्फत | २४६ | ७५.६२ |
| २,९०,००,००० | २,१९,२९,३९७ | १९८ | ४८ | | |



Modi Energy Ltd. 1996 Kathmandu

CamScanner

३. **सभाको सभापतित्व :**

सभाको सभापतित्व कम्पनी ऐन २०६३ को दफा ७४ को उपदफा (१) एवम् कम्पनीको नियमावलीको नियम १९ को उपनियम (१) अनुरुप सञ्चालक समितिका अध्यक्ष श्री पशुपति मुरारकाज्यूले गर्नु भयो ।

४. **गणपूरक संख्या :**

यस कम्पनीको सञ्चालक समितिको वि.सं. २०८२ साल पौष ०६ गते (ई.सं. २१ डिसेम्बर २०२५) आईतबार बसेको ६७ औं बैठकको निर्णय अनुसार कम्पनीको ८ औं वार्षिक साधारणसभाको सूचना वि.सं. २०८२ साल पौष महिना ०७ गतेको नेपाल समाचार पत्र राष्ट्रिय दैनिक र २०८२ साल पौष महिना २१ गते पुनः नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरूलाई सभाबारे जानकारी गराईएको थियो । यसका साथै शेयरधनीहरुको यस कम्पनीमा उपलब्ध अभिलेख ठेगानामा समेत जानकारी पठाईएको थियो । कम्पनी ऐन, २०६३ बमोजिम सभा सञ्चालनको लागि गणपूरक संख्या कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी हुनु पर्ने व्यवस्था रहेकोमा कुल शेयर संख्याको स्वयं तथा प्रोक्सी मार्फत ७५.६२ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले साधारण सभा सञ्चालनका लागि तथा विशेष प्रस्तावहरु पारित गर्न आवश्यक गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको व्यहोरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

५. **सभाको वैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिईएको तथा सोही ऐनको दफा ७३ को उपदफा (२) अनुरुपको गणपूरक संख्या समेत पुगेको देखिएको हुँदा सभा सञ्चालन गर्न कानून बमोजिम रित पुगी सभाले वैधानिकता पाएको व्यहोराको जानकारी कम्पनी सचिवले सभालाई अवगत गराए पश्चात उपस्थित शेयरधनीहरुको सहमतिमा अध्यक्षज्यूको अनुमतिले सभा शुरु भई निर्धारित विषयसूची उपर छलफल प्रारम्भ भयो ।

६. **छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आर्थिक वर्ष २०८१/०८२ को आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक वित्तीय विवरण ( वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

४. संस्थापक शेयरधनी समूहको तर्फबाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको नियूक्तिलाई अनुमोदन गर्ने ।

५. सस्थापक शेयरधनी समूहको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

६. विविध

Modi Energy Ltd. 1996 Kathmandu



CamScanner

## ७. सभाको प्रारम्भः

वि.सं. २०८२ साल पौष ०६ गते सम्पन्न सञ्चालक समितिको ६७ औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम तल उल्लेखित विषयहरु ८ औं वार्षिक साधारण सभामा छलफल एवं निर्णयको लागि पेश गरिएको व्यहोरा कम्पनी सचिव श्री कमल बाबु पन्तले सभामा जानकारी गराउनु भयो ।

## ८. प्रतिवेदन प्रस्तुत :

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री पशुपति मुरारकाज्यूले सभामा स्वयम् तथा प्रोक्सी माध्मबाट उपस्थित शेयरधनी महानुभावलाई स्वागत अभिवादन गर्दै आ.व.२०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धीत अनुसूचीहरु सहितको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## ९. छलफलको लागि आव्हान तथा सहभागी शेयरधनीहरुको मन्तव्य तथा सुझावहरुः

प्रस्तुत प्रतिवेदन, वित्तीय विवरण लगायत अन्य विषहरु उपर आ-आफ्नो मन्तब्य तथा जिज्ञासा प्रकट गर्नु हुन सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष अनुरोध गरियो ।

## १०. सहभागी शेयरधनीहरुको मन्तब्य तथा सुझावहरुः

प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनीहरु क्रमशः श्री यूगल बसेल, श्री रामकाजी रंजितकार, श्री गोविन्द बहादुर के. सी. ज्यूले तथा लिखितरुपमा श्री लक्ष्मण बहादुर श्रेष्ठ, श्री इन्द्र प्रसाद लामिछाने, श्री वैजुनाथ रोनियार तथा श्री निरुपमा गुप्ताज्यूले सभा समक्ष लिखितरुपमा देहाए बमोजिम सुझावहरु पेश गर्नु भयो ।

कम्पनीको वार्षिक प्रतिवेदन अध्ययन तथा विश्लेषण गर्दा कम्पनीले आफ्नो नोक्सानी विगत वर्षको तुलनामा यस आर्थिक वर्षमा पनि उल्लेखनीयरुपमा घटाउन सफल भएको तथा आगामी वर्षहरुमा पनि खर्चहरु घटाई आम्दानी बढाउनुका साथै कम्पनीलाई नाफामा लगी लाभांश वितरण गर्ने गरी योजना बनाउन सुझाव दिनु भयो । यसका साथै, उहाँहरुले हकप्रद शेयरको निष्कासन बारे जानकारी उपलब्ध गराउन हुन अनुरोध गर्नुका साथै आगामी वर्षहरुमा वार्षिक साधारण सभा पौष महिना अघि नै सञ्चालन गर्न सुझाव दिनु हुँदै कम्पनीको उतरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्नु भयो ।

## ११. शेयरधनीको मन्तव्य तथा सुझाव उपर अध्यक्षज्यूको जवाफः

शेयरधनीहरुबट लिखित सुझाव तथा आफ्नो मन्तब्य सभामा प्रस्तुत भए पश्चात अध्यक्षज्यूले कम्पनीले आफ्नो खर्चहरु घटाई आगामी दिनहरुमा पूर्ण क्षमतामा विद्युत उत्पादन गरी आम्दानी वृद्धि गर्दै कम्पनीलाई नाफामा लैजाने तर्फ सदैव प्रयत्नशिल रहने व्यहोरा सभा समक्ष जानकारी गराउनु भयो । यसका साथै, शेयरधनी महानुभावहरुले दिनु भएका सुझावहरुको कार्यान्वयन तर्फ

Modi Energy Ltd. 1996 Kathmandu

लागनुका साथै यसै आर्थिक वर्षमा हकप्रद शेयर जारी गर्ने गरी कार्यहरु प्रारम्भ गरीसकेको व्यहोरा समेत शेयरधनीहरु समक्ष सभामा व्यक्त गर्नु भयो ।

## १२. सभाबाट भएका निर्णयहरु :

साधारण सभामा पेश गरिएका देहाए बमोजिमका सामान्य प्रस्तावहरु उपर छलफल गरी सो उपर निम्नानुसार निर्णय गरियो ।

### क. सामान्य प्रस्तावहरु :

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री पशुपति मुरारकाज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन सभामा छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक वित्तीय विवरण ( वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक वित्तीय विवरण ( वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) सभामा छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

**३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।**

लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक श्री **Neha & Associates., Charterted Accountants** लाई आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक मूल्य अभिबृद्धि कर बाहेक रु.५,००,०००|- (अक्षरेपी पाँच लाख मात्र) प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो ।

**४.संस्थापक शेयरधनी समूहको तर्फबाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको नियूक्तिलाई अनुमोदन गर्ने ।**

कम्पनीको सञ्चालक समितिले संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक पदमा श्रीमति दिपा अग्रवालज्यूलाई गरेको नियुक्तिको अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिबाट परित गरियो ।

**५. सस्थापक शेयरधनी समूहको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने**

संस्थापक शेयरधनी समुहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने तीन जना सञ्चालकको निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृत अधिवक्ता श्री तेज बहादुर ओलीज्यूले निर्वाचन सम्बन्धी काम कारबाही बारे सभामा जानकारी गराउनु भयो । जस अनुसार संस्थापक समुहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने तीन जना सञ्चालकहरुको

Modi Energy Ltd. 1996 Kathmandu

निर्वाचनको लागि आह्वान गर्दा तीन जना संस्थापक शेयरधनीहरु क्रमश: श्री पशुपति मुरारकाज्यू, श्री विकास दुगडज्यू र श्रीमती दिपा अग्रवालज्यू को मात्र उम्मेदवारी पर्न गएको र अन्य कोही कसैको उम्मेदवारी पर्न नआएको हुँदा संस्थापक समुहबाट क्रमश: श्री पशुपति मुरारकाज्यू, श्री विकास दुगडज्यू र श्रीमती दिपा अग्रवालज्यू आगामी ४ वर्षका लागि सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्दै सोलाई सर्वसम्मतिबाट पारित गरियो । साथै, निर्वाचित हुनु भएका तीनै जना सञ्चालकज्यूहरुलाई बधाई तथा शुभकामना व्यक्त गर्दै उहाँहरुलाई प्रमाण-पत्र वितरण समेत गर्नु भयो ।

## धन्यवाद ज्ञापन तथा सभा विसर्जन

अन्तमा, शेयरधनी महानुभावहरुको सहभागीतामा ८ औं वार्षिक साधारणसभा प्रभावकारी ढङ्गबाट सफलताका साथ सम्पन्न भएकोमा सञ्चालक समिति, लेखापरिक्षण समिति, सम्बन्धित निकायका पदाधिकारी, निर्वाचन अधिकृत, व्यवस्थापन तथा कर्मचारी वर्ग सबैलाई यस सभामा आ-आफ्ना ठाँउबाट पुऱ्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्नु हुँदै आगामी दिनमा पनि कम्पनीको कारोवार, सञ्चालन एवम् प्रगतिका लागि सबैबाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राख्दै कृपापूर्ण उपस्थितिका लागि शेयरधनी एवम् सम्पूर्ण महानुभावहरुमा पुन: अभिनन्दन गर्नु हुँदै आजको यस वार्षिक साधारण सभा औपचारिक रुपमा समापन भएको घोषणा गरी अध्यक्षज्युले सभा विसर्जन गर्नु भयो ।

कमल बाबु पन्त
कम्पनी सचिव

Modi Energy Ltd. 1998 Kathmandu

पशुपति मुरारका
अध्यक्ष